# सामाजिक परिबर्तन र सामाजिक परिचालन

श्याम केसी [1]

समग्र देश जस्तै यतिखेर नेपालको ग्रामीण बिकासमा संलग्न सँघसँस्थाहरू पनि आशा र निराशा, अनि अवसर र चूनौतीहरूको संक्रमणकालीन दोसाँधमा उभिएका छन् । उनीहरूको थुप्रै मध्य एउटा चूनौती भनेको बिगतमा आयोजनाहरू कार्यान्वयन गर्दा गर्ने गरिएको सामाजिक परिचालन गतिविधिहरूलाई देशका ग्रामीण समूदायहरूमा विकसित नयाँ सामाजिक परिस्थिति अनुसार कसरी ढाल्दै लग्ने भन्ने नै हो । समग्रमा भन्नुपर्दा नेपाली ग्रामीण समुदायहरूमा कम्तीमा चार प्रकारका ठूला परिवर्तन—केही सकारात्मक, केही नकारात्मक—आइसकेका छन्: एक, समाज भित्र सामूहिक भावनामा ह्रास आएको छ । दुई, नेपालको ग्रामीण समाजमा पहिलेको भन्दा ब्यस्तता बढेको छ । तीन, समाजभित्र एक आपस वीचमा राजनैतिक र जातीय द्वेश बढेको छ जसको फलस्वरूप समाजमा हिंसा उप-संस्कृतिको रुपमा विकसित भएर आएको छ; र चार, समाज भित्र बिभिन्न सामाजिक वर्ग बीचका सम्बन्धहरू पहिलेको भन्दा कम परम्परावादी भएका छन् जसले नेपाली समाजलाई धैरै सूचित र चेतनशील बनाईसकेको छ ।  यस लेखमा यिनै परिवर्तनहरूको छोटो विवेचना गर्ने प्रयास गरिएको छ ।

## विकासको बदँलिदो अवधारणा

२०४० को दशक पछि देशमा लागु भएका अधिकांश ग्रामीण आयोजनाहरूले विकासका दुई पक्ष—सामाजिक परिचालन र भौतिक निर्माण—लाई साथसाथै अगाडि बढाउन खोजेको पाईन्छ । २०१० देखि २०३० को दशकमा विकास आयोजनाहरूमा सामान्यतया यस्तो चलन थिएन—त्यसताका केवल भौतिक संरचनाहरूको निर्माण नै आयोजनाहरूको मूल लक्ष थियो र त्यसमा राज्यकै निकाय र यन्त्रहरूको बोलवाला हुन्थ्यो  । यसरी समूदायमा सामाजिक परिचालन गर्दै भौतिक संरचनाको निर्माण गर्ने नीतिको पछाडि दुई मूल अभिप्राय थिए । पहिलो, ग्रामीण समूदायहरू सामाजिक रूपमा कम चेतनशील छन् र उनीहरूलाई लिङ्गीय, जातीय आदि सामाजिक पक्षमा सूचित र चेतनशील बनाईनु पर्छ भन्ने र दोश्रो अभिप्राय भनेको विकासको प्रवाहलाई माथिबाट तलतिर भन्दा पनि तलतिरबाट माथितिर बगाईनुपर्दछ भन्ने । बिकासे जगतमा आएको

[1] *अमेरिकाको मेरील्याण्ड विश्वविद्यालयमा विकास समाजशास्त्र विषय अनुसन्धानरत*

यो एउटा विश्वब्यापी लहर त थियो नै, २०४६ पछिको खुकुलो राजनैतिक वातावरणमा यो कार्यविधि नेपालको लागि आकर्षक र उपयोगी पनि देखा प-यो । यद्यपि २०५० को दशकको पछिल्लो चरणमा द्वन्दको प्रभाव चूलिएको असुरक्षित अवस्थामा धेरैजसो ग्रामीण आयोजनाहरूले सामाजिक परिचालनलाई पुनः स्वाट्टै घटाएर जति सकिन्छ भौतिक संरचना निर्माण गर्ने सोच बनाए (भलै तात्कालिक अवस्थामा त्यस्तोपनि त्यति संभव भएन) । सामाजिक परिचालन अन्तर्गत योजनाहरूमा प्रायः सामाजिक सूचना र चेतना फैलाउने हिसाबले बैठक, सभा, छलफल, समिति गठन आदि हुने गर्दछन् र द्वन्दको समयमा यस्ता गतिविधि कम गर्नुको पछाडि बिकासे सँघसँस्था र कार्यकर्ताहरू काम भन्दा बढी गफ गर्छन् र बिपन्न जनताको तत्काल सरोकार राख्ने वा दैनिक जीवनमा फाइदा पुग्ने काम अत्यन्तै कम गर्छन् भन्ने आरोपको खण्डन गर्नु थियो ।

द्वन्द रोकिएर "विकास" प्रकृया नयाँ चरणमा प्रवेश गर्न लागेको अवस्थामा नेपालको विकास समुदायको चूनौती भनेको अबका विकास (आयोजनाहरू) मा यसरी घटाईएको सामाजिक परिचालनलाई पुनर्स्थापित गर्ने कि नगर्ने, गरेमा पहिलाको जसरी नै गर्ने कि भिन्दै तरीकाले गर्ने भन्ने हो । विकास आयोजनाहरूमा सामाजिक परिचालन गरेमा समूदायले धारा, कुलो, टङ्की, विद्यालय भवन जस्ता भौतिक संरचनाको निर्माण तथा मर्मत संभार प्रकृयामा सकृय सहभागिता जनाउनेछन्, समाजका पिछडिएका वर्ग सहित सबै विकास (आयोजना) को प्रकृया र प्रतिफलमा सहभागी हुन पाउनेछन्, र अन्ततः समुदाय आफै सक्षम भई योजनाको स्वामित्व लिन सक्नेछन् भन्ने मान्यता रहेको हुन्छ। केही हदसम्म यो अवधारणाले सफलता पाएकै मान्नु पर्दछ र आयोजनाहरूमा सामाजिक परिचालनलाई हटाउनु वा घटाउनु पर्ने आवश्यकता देखिँदैन । तर अबको नेपालमा बिकास सँघसँस्थाले आफ्ना आयोजनाहरूमा कस्तो खालको सामाजिक परिचालनका कार्यक्रम गर्ने भन्ने बिषय धेरै हदसम्म नेपाली ग्रामीण समाजमा बिगतका दशकहरूमा आएका परिवर्तनहरूबाट निर्देशित भने हुनै पर्दछ ।

**"सामुदायिक" भावनामा ह्रास**

ग्रामीण नेपालमा आएको पहिलो परिवर्तन भनेको समूदायहरूभित्रका परिवार र ब्यक्तिहरूबीच द्रूततर गतिमा बदलिँदो सम्बन्ध हो—के नेपाली समूदायमा आजपनि बीस बर्ष अगाडिको जस्तो "सामूदायिक" भावना बाँकी छ ? के ग्रामीण नेपालीहरू विकास आयोजनाहरूले परिकल्पना गरे जस्तो "सामूहिक" कार्यको लागि उत्तिकै तत्पर छन् र के समूदायमा सबैको एकै खाले चाहना छ त ? निश्चयपनि ग्रामीण नेपालमा सामाजिक सम्बन्धहरू भिन्दै भईसकेका छन्—सामूहिकताको भावना पारिवारिकता वा ब्यक्तिबादिताले बिस्थापित गर्दै लगेको छ । साँच्चै नै भन्ने हो भने विकास आयोजनाहरूले परिकल्पना

गरेजस्तो “सामूहिक” भावनाले अभिप्रेरित आदर्श समूदाय नेपालमा त के संसारमै बिरलै पाईन्छन् । सामूहिक भावनाको यो गिरावटको अवस्थामा अबका सामाजिक परिचालन गतिविधिहरूमा परिवार वा ब्यक्तिमा अन्तर्नीहित क्षमता, चाहना र विभिन्नतालाई समग्र समूहको लागि कसरी उपयोग गर्न सकिन्छ भनेर हेर्न पर्ने हुन्छ ।

**बढ्दो कार्य ब्यस्तता**

ग्रामीण नेपालको दोश्रो परिवर्तन भनेको गाँउवासीहरूको बढ्दो कार्य ब्यस्तता हो । आजका अधिकांश नेपाली गाँउवासीहरू पनि शहरिया सरह आ-आफ्ना जीवीकोपार्जनको लागि भ्याई नभ्याई दौडधूप गरिरहेको पाईन्छन् । विकास आयोजनाहरूले माग गरेको जस्तो उनीहरूसंग बैठक, सभा, श्रमदान आदि योजनाको हरेक कृयाकलापहरूमा भाग लिने यथेष्ट समय छैन । यसर्थ अब सामाजिक परिचालन गतिविधि तय गर्दा समयाभाव र गरीबीले च्यापिएका गाँउवासीहरूलाई हरेक स-साना कृयाकलाप र उपलब्धिबीहिन बैठकहरूमा वा श्रमदानमा सहभागी हुनै पर्ने परिपाटीको पुनरावलोकन हुन जरूरी छ ।

**द्वेष र हिंसा उप-संस्कृति**

२०५४ यता यूद्धको कारणले औषत् ३२० परिवारमा एक परिवारले एक सदस्य गुमाएको छ । हजारौं हजार अनाहकमा टुहूरा, टुहूरी, विधवा र अपाङ्ग बनेका छन् । हजारौं आफ्नो जीविकोपार्जनबाट  विस्थापित भएका छन् । यस्तो परिस्थितिमा समाजमा थुप्रै द्वेषको भावना बाँकी रहेको हुनु पर्दछ— र हिंसा गर्ने क्षमता र संस्कृति दुवै बढेको वर्तमान नेपालको तरल अवस्थामा द्वेषहरू सहजै हिंसामा परिवर्तन हुन सक्छन् । हिंसामै परिवर्तन नभइहाले पनि द्वेषको भावना विकास प्रकृयाको लागि वाधकनै हुन्छ । यसैले ग्रामीण विकासमा संलग्न सँघसँस्थाहरूको लागि थप चूनौती आफ्ना कार्यक्रमहरूलाई आपसी द्वेष घटाउने तर्फ केन्द्रित गराउनु पनि हो ।

**घट्दो परम्परा, बढ्दो सूचना र चेतनाको स्तर**

सामुदायिक भावनामा ह्रास तथा द्वेष र हिंसा उप-संस्कृतिको विकास जस्ता नकारात्मक परिवर्तन वावजूद नेपाली समाजमा केही सकारात्मक परिवर्तनहरू पनि आएका छन् । समूदायभित्रका सामाजिक सम्बन्धहरू—जस्तै महिला-पूरूषबीचको सम्बन्ध, दलित र गै-ह दलित बीचको सम्बन्ध, जनजाति र गै-ह जनजाति बीचको सम्बन्ध, धनी र गरीब बीचको सम्बन्ध, शिक्षित र अशिक्षित बीचको सम्बन्ध—पनि आधारभूत तवरमै बदलिने अवस्थामा पुगिसकेका छन् । सामाजिक बिभेदका बिषयमा सूचित र चेतनशील हुने सवालमा २०६४ सम्म आईपुग्दा ग्रामीण नेपालीहरू शहरिया जनताहरू सरह अगाडि बढिसकेका छन् । गाँउ गाँउमा लैङ्गिक र जातिय विषयमा धेरै सूचना प्रवाह भईसकेको

छ । मूलुकी ऐनका हरफहरू, बिद्यालयका पाठ्यपूस्तकहरू, रेडियो कार्यक्रमहरू, बिकासे र सरकारी अनि पछिल्लो चरणमा राजनैतिक कार्यकर्ता सबैको प्रयासले नेपालका कुना काप्चासम्म यसखाले थुप्रै सूचनाहरू पुगिसकेका छन् । यसरी सूचित हुने क्रम सङगसङगै धेरै ग्रामीण नेपालीहरूले यस्ता अग्रगामी सूचनाहरूलाई प्रशोधन गरेर आफ्नो चेतनामा उतारेका छन् वा धारणामा परिवर्तन ल्याएका पनि छन् । यद्यपि धेरै नागरिकहरूले वास्तविक जीवनमा चेतना र धारणा अनुसार ब्यबहार गर्न बाँकी नै छ । उदाहरणको लागि सानै देखि सबैको शरीरबाट रातै रगत बग्दछ भनेर हामी सबैलाई पढाईएकै त हो, तर दलितीय भेदभाव गर्न हुँदैन भनेर अधिकांश गै-ह दलितहरूले सूचित भई सक्दापनि आफ्ना दलित साथीहरूलाई निजी भान्सामा निम्त्याउने आँट गर्न बाँकी नै छ । त्यस्तै धेरै वर्ष देखि नेपालका शहरहरूमा मात्र हैन गाँउहरूमा पनि महिला र पुरूष समान हुन् भन्ने जानकारी र चेतना हुँदाहुँदै पनि धेरै परिवारमा घरको कामको जिम्मेवारी महिलाको काँधबाट महिला र पुरूष दुवैमा आउन बाँकी नै छ । विकास समूदायले सामाजिक रूपान्तरणको सवालमा अब चेतना बढाउने मात्र नभई एक कदम अगाडि बढेर जनतामा विद्यमान चेतनाको स्तर र त्यसको वास्तविक पालनाबीच रहेको खाडल कसरी पुर्दै लग्ने विषयमा बढी केन्द्रित हुने बेला पनि आएको छ ।

यसप्रकार बिगत दुई दशकमा नेपालका ग्रामीण समूदायहरू आश्चर्यजनक ढङ्गबाट रूपान्तरित भईसकेका छन् । समाजलाई थप रूपान्तरित गर्ने विषयमा छलफल गर्दा हामीले समाज कसरी रूपान्तरित भईसकेको छ भनेर हेर्नै पर्दछ । ग्रामीण विकास खातिर हुने यस्तो समयोचित सामाजिक परिचालनले मुलूकको समावेशीकरणको लामो र कठीन यात्रालाई सहज बनाउन पनि योगदान गर्नेछ।